# देवचुली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड:४ संख्या:२

स्वीकृत मिति:२०७८/०६/१८

स्थानीय राजपत्रमा प्रकाशित मिति:२०७८/०६/२४

## भाग २

# आर्थिक सहायता वितरण सम्बन्धि कार्यविधि २०७८

देवचुली नगरपालिका राजपत्र

## प्रस्तावना

देवचुली नगरपालिकाबाट उपलब्ध गराइने विभिन्न विषयका अर्थिक सहयोगलाइ एकरूपता कायम गरी अति विपन्न नगरवासीहरूलाइ स्वास्थ्योपचार तथा दैनिक जीवनयापन गर्न सहज गराउने उद्देश्यले देवचुली नगरपालिकामा माग हुने आर्थिक सहायता वितरण कार्यलाइ ब्यबस्थित एवं पारदर्शि बनाउन देवचुली नगरपालिकाको नगर कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरि कार्यन्वयनमा ल्याएको छ ।

देवचुली नगरपालिका राजपत्र

### परिच्छेद - १

**१ संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “देवचुली नगरपालिका आर्थिक सहायता वितरण कार्यविधि २०७८” रहनेछ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि कार्यन्वयनमा अउने छ ।

**२ परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) आर्थिक सहायता भन्नाले कुनै पनि दैविक, प्राकृतिक प्रकोप वा जिउज्यान, धनजन, चौपाय र अन्य सम्पति क्षति भएको ब्यक्तिलाइ नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायता सम्झनु पर्छ ।

(ख) प्राकृतिक विपत्ति भन्नाले : भुकम्प, बाढि, पहिरो, चट्याङ्ग, हुरिबतास, शितलहर, असिना, तुषारो जस्ता प्रकोप सम्झनु पर्छ ।

(ग) मानविय बिपत्ति भन्नालेः मानिसका कारणबाट भएको आगलागि, महामारि, हुलदङ्गा जस्ता विपत्ति भन्ने सम्झनु पर्छ ।

(घ) दीर्घरोग भन्नाले : क्यान्सर, मुटुरोग, मृगौला, एच आइ भि एड्स आदि जस्ता जटिल प्रकृतिका नेपाल सरकारवाट दीर्घरोग भनी परिभाषा गरेका रोगहरू सम्झनु पर्छ ।

## परिच्छेदः २

## संकटका अवस्था

### १, विपद् जन्य प्रकोप तथा संकटहरु

देवचुली नगरपालिकाक्षेत्र भित्र आइपर्न सक्ने विपत वा मानबीय संकटहरु देहाय बमोजिम अंकलन गरिएको छ ।

| | | | |
|---|---|---|---|
| क) | भुकम्प | ख. | बाढी, पहिरो |
| ग. | चट्याङ | घ. | हुरि बतास |
| ङ. | सर्पदंश | च. | असिना |
| छ. | तुषारो | | |

### २. मानविय कारणबाट हुनसक्ने विपद्जन्य प्रकोप तथा संकटहरु

क. आगलागि ख. बेबारिसे मानिस ग. महामारी



देवचुली नगरपालिका राजपत्र

**३. दुर्घटना जन्य कारणबाट हुन सक्ने विपतजन्य प्रकोप तथा संकटहरु**

क. करेन्ट, साधन तथा औजारबाट भएको जोखिम

ख. विषालु पदार्थ सेवन

ग. घरपालुवा, बन्य जन्तु तथा जनावरको आक्रमण

**४. दीर्घ रोग तथा अन्य रोगजन्य कारणबाट हुन सक्ने विपत जन्य प्रकोप तथा संकटहरु**

क.क्यान्सर ख. मृगौला ग. मुटुरोग

घ. एच आइ भि एड्स पुन.स्थापना ङ . अपाङगता

## परिच्छेद ३

## आर्थिक सहायता उपलव्ध गराउने

१) परिच्छेद २ मा उल्लेखित सकटहरु पुर्णरुपमा समाधान गर्न नसकिने र न्यूनिकरणका उपायहरु अपनाउदा समेत संकट आइपर्ने र उक्त संकट ब्यबस्थापन गर्न केहि आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र ब्यक्तिलाइ केहि मात्रामा राहत पुग्ने तथा स्थानीय सरकारको हैसियतबाट अति विपन्न नगरवासीहरुलाइ अल्पकालीन रुपमा सहयोग स्वरुप औषधिमुलो तथा आपतकालिन जीवनयापनका सिलसिलामा आवश्यक कागजात तथा सिफारिस



देवचुली नगरपालिका राजपत्र

समेतको आधारमा निम्नानुसार आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।

क. सरोकारवालाको परिवारको आर्थिक अवस्था कमजोर भएको प्रमाणित सिफारिस

ख. घाइतेको अवस्था अनुसार तत्काल उपचारका लागि

ग. विपत जन्य अवस्थामा भौतिक निर्माण कार्यको सहयोगका लागि नगरपालिकाबाट आर्थिक सहायता गर्न सकिने रकम

| संकटको विषय | गम्भीर अवस्था | सामान्य अवस्था |
|---|---|---|
| जनावर आतङ्क | ५०००।- | २०००।- |
| आगलागि | १००००।- | ५०००।- |
| बाढी पहिरो | १००००।- | ५०००।- |
| हुरी बतास | १००००।- | ५०००।- |
| चट्याङ | १००००।- | ५०००।- |
| प्रकृतिक प्रकोप विपत्ति | १००००।- | ५०००।- |
| दीर्घ रोग लगायत अन्य रोग समेत | १००००।- | ५०००।- |
| अति विपन्नका लागि किरिया खर्च | १००००।- | ५०००।- |

देवचुली नगरपालिका राजपत्र

(२) कुनै बखत प्राकृतिक प्रकोप, महामारी, आगलागि, भूकम्पीय आपतकालिन अवस्था, कडा रोगको उपचार, दुर्घटना आदि जस्ता भवितब्य परी कुनै व्यक्ति, संस्था तथा समुदायलाइ तत्काल आपतकालिन आर्थिक सहायता उपलव्ध गराउन पर्ने देखिन आएमा सम्बन्धित वडाको सिफारिसमा नगरप्रमुखको आदेशानुसार एक पटकमा रु, २५ हजार रुपैयासम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।

(३) माथि जुनसुकै कुरा उल्लेख भएता पनि वाढी, पहिरो, प्राकृतिक विपत्ती जस्ता घटनाका कारण निजको घर पूर्ण रुपले क्षति हुन गएको र निजको अन्यत्र कतै वसोवासको विकल्प नभएको अवस्थामा नगरपालिकाले तत्कालका लागि त्रिपाल, खाद्यान्न सामाग्रीका लागि आवश्यक आर्थिक सहायता तथा अस्थायी प्रकृतिको जस्ताको छाना सहितको घर निर्माण गर्दा लाग्ने अधिकतम रु १ लाख ५० हजार सम्मको भौतिक संरचना निर्माण गर्ने खर्च नियमानुसार उपलव्ध गराउन सक्ने छ ।

## २, अर्थिक सहायता उपलब्ध गराउन सकिने अधार

क. विरामी दर्ता पूर्जा Prescription

ख. प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस पत्र.

ग, नागरिकताको प्रमाण पत्र

घ. सम्बन्धित विरामी वा संरक्षको निवेदन.

देवचुली नगरपालिका राजपत्र

ङ. प्रहरी मुचुल्का वा सार्वजनिक वडा मुचुल्का.

च. आवश्यकताअनुसार फोटो समेत

**३, गम्भीर प्रकृतिको रोगीहरु (रोगी उपचारको क्रममा हुनुपर्ने)**

नेपाल सरकारवाट स्वीकृत स्वास्थ्य संस्था/अस्पतालबाट विपन्नताको आधारमा नगरपालिकावाट भएको सहयोगबाट समेत त्यस्ता अति विपन्न व्यक्तिहरुको रोग निदान हुन नसकेमा वा तत्काल नजिकको अस्पताल वा स्वास्थ्य संस्थासम्म लैजानका लागि यातायात खर्च, उपचार खर्च आवश्यक देखिएको अवस्थामा नगर प्रमुखको आदेशानुसार निम्नानुसारको रकम आर्थिक सहायता स्वरुप रोगको गम्भीरता र आर्थिक अवस्थाहेरी उपलव्ध गराउन सकिने छ।

| रोगका प्रकारहरु | सहयता रकम |
|---|---|
| क्यान्सर | १००००।- |
| मृगौला | १००००।- |
| मुटु | १००००।- |
| एच आइ भी एड्स | १००००।- |
| दम तथा फोक्सोको संक्रमण | २५००।- |
| मधुमेह | २५००।- |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| उच्च रक्तचाप | २५००।- |
| पथ्थरी आदी | २५००।- |

## परिच्छेद ४

## विविध

४, महिला हिंसा,बाल हिंसा र अन्य हिंसाबाट पिडितहरु, अपाङगता भएका व्यक्तिहरुलाई उद्धार तथा नजिकको मानव सेवा आश्रम सम्म पुऱ्याउनका लागि तत्काल राहत सहयोग आवश्यक पर्ने देखिएका नजिकको त्यस्तो सेवा आश्रमस्थल सम्म पुऱ्याउदा लाग्ने खर्च वापतको रकम एक पटकमा वढीमा १००००।-(दश हजार) सम्म दिन सकिने छ ।

५, यस कार्यविधिमा जुनसुकै कुरा उल्लेख भएतापनि नगरपालिकाबाट आर्थिक सहायता उपलव्ध गराउदा अति विपन्न, दलित, जनजाति, अपाङगता भएका व्यक्ति तथा तत्काल उपचार खर्च व्यवस्था गर्न नसक्ने अन्य समुदायका व्यक्तिलाइ मात्र यस्तो प्रकृतिको आर्थिक सहायता उपलव्ध गराइने छ ।

६, यस कार्यविधिमा उल्लेखित विषयमध्ये कुनै विषय छुट हुन गएका अन्य सहायता सम्बन्धी शीर्षकका जुनसुकै विषयहरु आएमा र नगरप्रमुखलाई निजको माग निवेदन मनासिव लागेमा रोगको गम्भीरता र आर्थिक विपन्नतालाई मनन गरी नगर प्रमुखको आदेशबाट रु १०,०००।- रुपैया सम्म आर्थिक सहायता उपलव्ध गराउन वाधा पर्ने छैन ।

देवचुली नगरपालिका राजपत्र

७, प्रकृतिक प्रकोप वा अन्य जुनसुकै विपत जन्य अवस्थामा जिल्ला विपद् व्यवस्थापन समिति वा प्रदेश सरकार बाट उपलव्ध गराइएको आर्थिक सहायता रकम अपुग भएको र निजको आर्थिक अवस्था अति कमजोर भएका त्यस्ता अति विपन्न परिवारलाइ निजको जीवन निर्वाह तथा पूर्वाधार निर्माणका लागि नपुग हुन आएको रकम सम्वन्धित वडा कार्यालयको सिफारिसमा नगरपालिकाबाट थप आर्थिक सहायत उपलव्ध गराउन कुनै वाधा पर्ने छैन ।

८, कुनै थप परिस्थितिका कारण यस कार्यविधिमा उल्लेखित अधिकतम रकम भन्दा वढी रकम आर्थिक सहयोगबापत उपलव्ध गराउन परेमा नगर प्रमुखले नगर कार्यपालिकामा पेश गरी निर्णय भए अनुसार हुनेछ ।

९, यस कार्यविधि स्वीकृत हुनु अघि यस नगरपालिकाबाट भए गरेका आर्थिक सहायता सम्बन्धी निवेदन उपर भएका निर्णय यसै कार्यविधि अनुसार भएको मानिने छ ।

१०, यस कार्यविधि कार्यान्वयनका सिलसिलामा संघीय कानून, प्रदेश कानूनसंग वाझिएकोमा बाझिएको हदसम्म अमान्य हुनेछ तर आर्थिक सहायता दिइ सकेको हकमा पुन परिवर्तन हुन सक्ने छैन ।

आज्ञाले
गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत